## लोक सेवा आयोग

### अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

मिति : २०६५।०६।३०

समयः- ३ घण्टा पूर्णाङ्कः- १००

पत्रः- चतुर्थ

विषयः- <u>सेवा समूह सम्बन्धी विषय (Service Related Subject)</u>

<u>निम्न प्रश्नको उत्तर Section अनुसार बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।</u>

## Section - A

1. सार्वजनिक व्यवस्थापनका आधारभूत मूल्यहरू उल्लेख गर्दै नेपालको सार्वजनिक व्यवस्थापनमा व्यवस्थापकीय मूल्य र मान्यताको प्रयोगको अवस्था उल्लेख गर्नुहोस् । 5+5=10

   What are the core values of public management? Describe the status of implementation of values and norms of public management in Nepalese public sector.

2. नेपालको सार्वजनिक प्रशासनमा कायम रहेका चुनौतीहरू पहिचान गरी यी चुनौतीहरू सामना गर्न अवलम्बन गर्नुपर्ने सुझावहरू उल्लेख गर्नुहोस् । 5+5=10

   Identify existing challenges of Nepal's Public Administration and suggest recommendations to overcome these challenges.

3. प्रशासकीय व्यावसायिकताको अवधारणा उल्लेख गर्दै सार्वजनिक क्षेत्रमा कार्यरत जनशक्तिको व्यावसायिकताको विकास गर्न के-कस्ता पक्षमा जोड दिनुपर्ने हुन्छ? लेख्नुहोस् । 5+5=10

   Describe the concept of administrative professionalism. What are the aspects that should be focused for enabling professionalism of the people, working in the public sector.

## Section - B

4. सार्वजनिक ऋण भनेको के हो? सार्वजनिक ऋण कसले परिचालन गर्दछ? सार्वजनिक ऋण परिचालन र उपयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् । 5+2+3=10

   What is public debt? Who mobilizes the public debt? Mention the aspects that need to be kept in mind while mobilizing and utilizing public debt.

5. नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको प्रमुख उपकरणको रूपमा प्रयोग गर्ने खुला बजार कारोबारको सञ्चालन विधि उल्लेख गर्नुहोस् । साथै, के परिमाणात्मक सहजीकरण खुला बजार कारोबारकै एक अङ्ग हो? प्रष्ट पार्नुहोस् । 6+4=10

   Mention the open market operation procedure which is considered as a major instrument of the monetary policy of Nepal Rastra Bank. Is the quantative easing will be the component of the open market operation?

# लोक सेवा आयोग

## अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

२०७९|०६|२८

समय:- ३ घण्टा | पूर्णाङ्क:- १००

पत्र:- द्वितीय

विषय:- शासन प्रणाली (Governance Systems)

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## Section - A

1. सूचनाको हक र पारदर्शिता बीचको अन्तरसम्बन्धबारे उल्लेख गर्नुहोस् । सार्वजनिक निकायमा पारदर्शिता कायम गराउन सूचनाको हकको भूमिका कस्तो रहेको हुन्छ? लेख्नुहोस् । 4+6=10

   Mention the interrelationship between right to information and transparency. Write down the role of the right to information in maintaining transparency in public institutions.

2. राष्ट्र निर्माणमा निजामती कर्मचारीको भूमिकाको लेखाजोखा गर्नुहोस् । राष्ट्र निर्माणका सन्दर्भमा राज्य प्रणालीको वैधता अभिवृद्धि गर्नका लागि राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वबीच कस्तो सहकार्य र साझेदारी परिकल्पना गर्नु भएको छ? स्पष्ट पार्नुहोस् । 5+5=10

   Assess the role of civil servants in nation-building. What type of collaboration and partnership between the political and administrative leadership you have visualized to enhance the legitimacy of the state system in the context of nation-building?

3. राष्ट्रिय सुरक्षाका चुनौतीहरू उल्लेख गर्नुहोस् । नेपालको सन्दर्भमा यस्ता चुनौतीहरूलाई व्यवस्थापन गर्ने संवैधानिक, कानूनी र संगठनात्मक प्रावधानहरूबारे उल्लेख गर्नुहोस् । 5+5=10

   What are the challenges of National Security. Mention the constitutional, legal and organizational provisions that manage such challenges in the context of Nepal.

## Section - B

4. नेपालमा संवैधानिक विकासको चरण उल्लेख गर्दै नेपालको वर्तमान संविधानका मूलभूत विशेषताहरू लेख्नुहोस् । 5+5=10

   Mentioning the stages of constitutional development in Nepal. Describe basic/fundamental features of the present constitution of Nepal.

5. समानुपातिक प्रतिनिधित्व भन्नाले के बुझिन्छ? नेपालको संविधानले समानुपातिक प्रतिनिधित्वका सम्बन्धमा के-कस्तो व्यवस्था गरेको छ? उल्लेख गर्नुहोस् । 3+7=10

   What is meant by proportional representation? What kind of provision has the Constitution of Nepal made regarding proportional representation? Mention.

## Section - C

6. सार्वजनिक कोषको उपयोग गर्ने सन्दर्भमा नेपालको निजामती सेवामा सदाचार र नैतिकताको अवस्था दर्शाउनुहोस् । 10

Show the state of ethics and morality in the Civil Service of Nepal regarding the use of public funds.

7. शासन सञ्चालनमा निजामती सेवाको भूमिका प्रस्तुत गर्नुहोस् । साथै नेपालको संघीय निजामती सेवाको स्वरुप कस्तो हुनुपर्छ? लेख्नुहोस् । 5+5=10

Present the role of Civil Service in governance. Also write, what should be the structure of Federal Civil Service in Nepal?

8. विद्युतीय शासन भनेको के हो? यसले सार्वजनिक निकायमा सुशासनको प्रवर्द्धन गर्न कस्तो सहयोग पुऱ्याउँछ? पुष्ट्याईसहित उल्लेख गर्नुहोस् । 4+6=10

What is e-governance? How does it helps to promote good governance in public sector organization? Mention with justification.

## Section - D

9. सार्वजनिक वित्त व्यवस्थापनको आवश्यकता किन पर्दछ? नेपालमा सार्वजनिक वित्तीय उत्तरदायित्व प्रवर्द्धनका सम्बन्धमा गरिएका व्यवस्थाहरूको विश्लेषण गर्नुहोस् । 4+6=10

Why do we need Public Financial Management? Analyze the provisions with regard to promoting public financial accountability in Nepal.

10. आर्थिक अनुशासन कायम राख्न लेखापरीक्षणको आवश्यकता स्पष्ट पार्नुहोस् । साथै आन्तरिक र अन्तिम लेखापरीक्षणबीच फरक छुट्याउनुहोस् । 5+5=10

Clarify the necessity of auditing in order to maintain financial discipline. Differentiate between internal and final auditing.

«««समाप्त»»»

लोक सेवा आयोग

अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको
द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

मिति : २०७४।०६।२९

समय:- ३ घण्टा                                                                 पूर्णाङ्क:- १००

पत्र: तृतीय

विषय: समसामयिक विषय

(Contemporary Issues)

निम्न प्रश्नको उत्तर Section अनुसार नेपाली अथवा अंग्रेजीमा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## Section - A

1. विद्युतीय अपराध भनेको के हो? नेपालमा यसका मुख्य चुनौती पहिचान गर्दै सामना गर्ने उपायहरू प्रस्तुत गर्नुहोस् । 2+4+4=10

   Define the cyber crime and identifying its main challenges, prescribe the ways to address these challenges in Nepal.

2. खाद्य सुरक्षाका आधारभूत तत्वहरू के-के हुन्? नेपालमा खाद्य सुरक्षाको सुनिश्चितता हासिल गर्ने उपायहरू उल्लेख गर्नुहोस् । 3+7=10

   What are the fundamental elements of food security? Mention the measures to ensure food security in Nepal.

3. नेपालमा स्रोत साधनको वितरणमा देखिएका असमानताहरूको उल्लेख गर्दै ती असमानताहरू कम गर्न चाल्नुपर्ने कदमबारे सुझाव दिनुहोस् । 5+5=10

   Explain the disparities in resources distribution in Nepal. Suggest appropriate ways for overcoming those disparities.

## Section - B

4. नेपालमा गरिबी निवारणका लागि गरिएका प्रयासको समीक्षा गर्दै यसलाई प्रभावकारी बनाउने उपयुक्त सुझाव दिनुहोस् । 5+5=10

   Assessing the poverty alleviation efforts in Nepal, give appropriate suggestions to make it effective.

5. आर्थिक कूटनीतिलाई परिभाषित गर्दै आर्थिक कूटनीतिको माध्यमबाट नेपालले कसरी प्रभावकारी रूपमा आर्थिक सहयोग प्राप्त गर्न सक्छ? उल्लेख गर्नुहोस् । 3+7=10

   Defining economic diplomacy, mention how Nepal could get financial assistance through economic diplomacy effectively?

## Section - C

6. नेपालको पूर्वाधार क्षेत्रको विकासमा विद्यमान समस्याहरूको पहिचान गरी समाधानका उपायहरू लेख्नुहोस् । 5+5=10

   Identifying the existing problems in the infrastructure development in Nepal, give suggestions to solve these problems.

7. नेपालको विकास प्रक्रियामा राज्यको भूमिका उल्लेख गर्दै यसमा राज्य बाहेकका क्षेत्रलाई कसरी संलग्न गराउन सकिएला? उल्लेख गर्नुहोस् । 5+5=10

   Mentioning the role of state in development process of Nepal, also mention how different non-state actors could be involved in development process of Nepal?

क्रमश:

८. स्थानीय स्वायत्त शासनका प्रमुख विशेषताहरू के-के हुन्? नेपालको संघीय शासन प्रणालीमा स्थानीय स्वायत्त शासन प्रणालीलाई कसरी व्यवस्थित गरिएको छ? 5+5=10

What are the major characteristics of the local self-governance? How is local self-governance managed in federal governance system in Nepal?

## Section - D

९. नेपालले सामना गरिरहेका मुख्य-मुख्य विपद्हरू के-के हुन्? ती विपद्हरूको व्यवस्थापन गर्ने विद्यमान कानुनी र संरचनागत व्यवस्थाहरू उल्लेख गर्नुहोस् । 4+6=10

What are the main disasters that Nepal is facing? Mention the existing legal and structural arrangements to manage those disasters.

10. जलवायु परिवर्तनले पारेका विश्वव्यापी असरहरूबारे उदाहरणसहित उल्लेख गर्नुहोस् । 10

Mention the global effects of climate change with examples.

<<<समाप्त>>>

**लोक सेवा आयोग**

**अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा**

मिति : 2065|06|20

समय:- ३ घण्टा                                                                 पूर्णाङ्क:- १००

पत्र:- चतुर्थ

विषय:- <u>सेवा समूह सम्बन्धी विषय (Service Related Subject)</u>

<u>निम्न प्रश्नको उत्तर Section अनुसार बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।</u>

## Section - A

1. सार्वजनिक व्यवस्थापनका आधारभूत मूल्यहरू उल्लेख गर्दै नेपालको सार्वजनिक व्यवस्थापनमा व्यवस्थापकीय मूल्य र मान्यताको प्रयोगको अवस्था उल्लेख गर्नुहोस् ।  5+5=10

   What are the core values of public management? Describe the status of implementation of values and norms of public management in Nepalese public sector.

2. नेपालको सार्वजनिक प्रशासनमा कायम रहेका चुनौतीहरू पहिचान गरी यी चुनौतीहरू सामना गर्न अवलम्बन गर्नुपर्ने सुझावहरू उल्लेख गर्नुहोस् ।  5+5=10

   Identify existing challenges of Nepal's Public Administration and suggest recommendations to overcome these challenges.

3. प्रशासकीय व्यावसायिकताको अवधारणा उल्लेख गर्दै सार्वजनिक क्षेत्रमा कार्यरत जनशक्तिको व्यावसायिकताको विकास गर्न के-कस्ता पक्षमा जोड दिनुपर्ने हुन्छ? लेख्नुहोस् ।  5+5=10

   Describe the concept of administrative professionalism. What are the aspects that should be focused for enabling professionalism of the people, working in the public sector.

## Section - B

4. सार्वजनिक ऋण भनेको के हो? सार्वजनिक ऋण कसले परिचालन गर्दछ? सार्वजनिक ऋण परिचालन र उपयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् ।  5+2+3=10

   What is public debt? Who mobilizes the public debt? Mention the aspects that need to be kept in mind while mobilizing and utilizing public debt.

5. नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको प्रमुख उपकरणको रूपमा प्रयोग गर्ने खुला बजार कारोबारको सञ्चालन विधि उल्लेख गर्नुहोस् । साथै, के परिमाणात्मक सहजीकरण खुला बजार कारोबारको एक अङ्ग हो? प्रष्ट पार्नुहोस् ।  6+4=10

   Mention the open market operation procedure which is considered as a major instrument of the monetary policy of Nepal Rastra Bank. Is the quantative easing will be the component of the open market operation?

## Section-C

6. नेपालको सार्वजनिक खरिद व्यवस्थामा देखिएका कमिकमजोरीहरू औंल्याई सुधारका ठोस उपायहरू प्रस्तुत गर्नुहोस् । (5+5=10)

Spell out the weaknesses in the public procurement system in Nepal and suggest corrective measures to be adopted for their improvements.

7. सरकारी आर्थिक कारोबारको प्रतिवेदन प्रणालीबारे संक्षेपमा समीक्षा गर्नुहोस् । यसलाई प्रभावकारी बनाउन के गर्नुपर्ला? सुझाव दिनुहोस् । (5+5=10)

Review the existing financial reporting system of the government. Give your suggestions to make more effective the financial reporting system.

8. महालेखा परीक्षकको नियुक्ती, काम, कर्तव्य र अधिकारबारे उल्लेख गर्नुहोस् । साथै महालेखा परीक्षकले औचित्यको आधारमा परीक्षण गर्ने विषयबारे संक्षेपमा वर्णन गर्नुहोस् । (5+5=10)

Explain the appointment procedure, functions, duties and power of auditor general and also briefly elaborate the matters of propriety audit.

## Section-D

9. संसदमा विधेयक पेश हुने र पारित गर्ने प्रकृयाबारे उल्लेख गर्नुहोस् । (5+5=10)

Discuss the process of submission and approval of Bill in the Parliament.

10. संसदीय समितिहरू किन बनाइन्छ? मुलुकमा सुशासन प्रवर्द्धन गर्न संसदीय समितिले खेल्ने भूमिका माथि चर्चा गर्नुहोस् । (4+6=10)

Why the parliamentary committees are formed? Discuss the role of parliamentary committee to promote the good governance in the country.

**~ The End ~**